आज मिति २०८० साल कार्तिक २१ गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

1. अध्यक्ष- आशा तामाङ
2. उपाध्यक्ष- सीता तामाङ
3. सदस्य- जिमा बहादुर तामाङ
4. सदस्य- सन्द विर तामाङ
5. सदस्य- हरि बहादुर तामाङ
6. सदस्य- कमल बहादुर तामाङ
7. सदस्य- जित बहादुर तामाङ
8. सदस्य- हरि कुमार तामाङ
9. सदस्य- सरु घले
10. सदस्य- टेक राज घले
11. सदस्य- सम्झना तामाङ
12. सदस्य- सिंगराम घले
13. सदस्य- गंगा तामाङ
14. सदस्य- कमला तामाङ
15. सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रित:</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

**प्रस्ताव नं. १** – **यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा ।**

**निर्णय नं. १** – म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**प्रस्ताव नं २** – **पदस्थापन सम्बन्धमा ।**

**निर्णय नं. २** – प्रस्ताव नं. २ उपर छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेटौँडाको च.नं. १३३१ मिति २०८०/०७/१७ को पत्रानुसार यस गाउँपालिकाको लागि प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत/सातौँ तहमा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्धारा सिफारिस हुनु भएका कर्मचारी श्री हरि प्रसाद प्याकुरेल (क.स.नं. ३-२६-४५३८-००५८३) लाई मिति २०८०/०७/०१ देखि ज्येष्ठता लागु हुने गरी सोही सेवा, समूह र पदमा नियुक्ति तथा पदस्थापन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ३** – **कार्यविधि, निर्देशिका स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं. ३**– प्रस्ताव नं. ३ उपर छलफल गर्दा तपशिल बमोजिमको कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने भनी निर्णय गरियो।

१. म्यागङ गाउँपालिका वैवाहिक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८०
२. म्यागङ गाउँपालिकाको कर्मचारीको आन्तरिक पर्यटन खर्च भुक्तानी सम्बन्धी कार्यविधि, २०८०
३. म्यागङ गाउँपालिकाको स्थायी कर्मचारीको प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधि, २०८०
४. म्यागङ गाउँपालिकाको कार्य संचालन सम्बन्धी निर्देशिका, २०८०

**प्रस्ताव नं ४** – **डि.पि.आर स्वीकृत/अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. ४**– प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिकाबाट विभिन्न मितिमा तयार गरिएका तपशिलका डि.पि.आर स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो।

१. सिमलसौरा स्वास्थ्य चौकी भवनको निर्माण डि.पि.आर
२. म्यागङ गा.पा. युवा क्लव भवनको निर्माण डि.पि.आर

**प्रस्ताव नं ५** – **कार्यालय सहयोगी पदको विज्ञापन सङख्या थप सम्बन्धमा।**

**निर्णय नं. ५**- प्रस्ताव नं. ५ उपर छलफल गर्दा विज्ञापन नं. ०१/०८०/८१ कार्यालय सहयोगी पद खुल्ला तर्फ १ सङख्या रहेकोमा १ सङख्या थप गरी २ सङ्ख्या कायम गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं ६ – अनुदान सम्बन्धमा।**

**निर्णय नं. ६-** प्रस्ताव नं. ६ उपर छलफल गर्दा म्यागङ जुनियर रेडक्रस सोसाईटीबाट विन्दुकेशर मा.वि., म्यागङ ५ मा आयोजना गरिएको वक्तृत्वकला प्रतियोगिताको लागि अनुदान स्वरुप श्री विन्दुकेशर मा.वि., म्यागङ ५ टक्सर लाई रु. ६५,०००/- भुक्तानी दिने निर्णय गरियो।

साथै विनियत सभामा गा.पा.अध्यक्ष ज्युबाट भएको समन्वय गर्दाको आतिथ्य सत्कार खर्च रु [illegible] विविध खर्चबाट भुक्तानी दिइने निर्णय गरियो।

**प्रस्ताव नं ७ – सर्वसम्मतले पारित सम्बन्धमा।**

**निर्णय नं. ७-** प्रस्ताव नं. ७ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।